# नेशनल हाईड्रो पावर कम्पनी लि.
# National Hydro Power Co. Ltd.
बिनायकनगर-१०, नयाँ बानेश्वर, काठमाडौं

## Unaudited Balance sheet (Quaterly)

As on 29th Poush 2080
Second Quarter of Fiscal Year 2080/81

*Amount in NPR*

| Particulars | This Quarter ending As on 29th Poush 2080 | Previous Quarter ending As on 30th Asoj 2080 | Corresponding Previous Quarter ending As on 30th Poush 2079 |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non- Current Assets:** | | | |
| **Property, Plant and Equipment** | | | |
| Gross Block | 2,131,926,061 | 2,057,198,232 | 2,042,125,956 |
| Less: Accumulated Depreciation | 1,082,095,523 | 1,067,724,491 | 1,022,879,856 |
| **Net Block** | **1,049,830,538** | **989,473,741** | **1,019,246,100** |
| **Project Work In Progress** | | | |
| Project Work In Progress | 1,084,184,304 | 1,041,283,079 | 766,174,576 |
| **Investments** | | | |
| Investments-Hydro Projects | 281,575,000 | 181,575,000 | 106,575,000 |
| Investments-Others | 455,500 | 455,500 | 455,500 |
| Share Advance for Investments-Hydro Projects | 528,175,000 | 594,050,000 | 105,550,000 |
| **Current Assets:** | | | |
| Advances & Receivables | 25,540,406 | 15,854,707 | 15,527,762 |
| Sundry Debtors | 33,929,642 | 21,828,456 | 34,550,725 |
| Cash & Cash Equivalent | 2,030,127 | 18,395,933 | 2,605,648 |
| | **3,005,720,517** | **2,862,916,416** | **2,050,685,311** |
| **EQUITY AND LIABLITIES** | | | |
| **Shareholders' Funds** | | | |
| Equity Share Capital | 2,467,162,916 | 2,467,162,916 | 1,645,016,944 |
| Share Premium Account | 19,381,817 | 16,325,728 | - |
| Reserve and Surplus | 26,574,756 | 17,727,793 | 31,208,519 |
| **Non-Current Liabilities** | | | |
| Loans | 188,190,120 | 131,628,615 | 246,235,486 |
| **Current Liabilities** | | | |
| Short Term Borrowings | 109,477,107 | 45,027,200 | 45,306,879 |
| Sundry Creditors & Other Payables | 189,136,247 | 175,632,878 | 67,091,387 |
| Provisions | 5,797,554 | 9,411,286 | 15,826,096 |
| | **3,005,720,517** | **2,862,916,416** | **2,050,685,311** |

**UNAUDITED INCOME STATEMENT (Quaterly)**

For the period ending 1st Kartik 2080 to 29th Poush 2080

**First Quarter of Fiscal Year 2080/81**

| Particulars | This Quarter FY 2080-81 | Previous Quarter FY 2080-81 | Corresponding Quarter FY 2079-80 |
|---|---|---|---|
| Revenue | 54,688,571 | 65,298,394 | 55,893,698 |
| Less: Direct Expenses | 16,985,974 | 14,920,461 | 13,644,718 |
| **Gross Profit** | **37,702,597** | **50,377,933** | **42,248,980** |
| Administrative Expenses | 6,697,950 | 7,698,609 | 9,373,599 |
| Employee Benefits-VRS | - | 15,179,836 | - |
| **Profit from Operation** | **31,004,647** | **27,499,487** | **32,875,380** |
| **Less:** | | | |
| Financial Expenses | 6,253,482 | 5,369,528 | 8,123,083 |
| Depreciation | 14,971,446 | 14,665,612 | 14,042,421 |
| **Add:** | | | |
| Other Income | 84,543 | - | - |
| **Profit Before Tax** | **9,864,262** | **7,464,347** | **10,709,876** |
| Add: Prior Period Written Back | 1,977,908 | (70,882) | - |
| Provision for Bonus | 197,285 | 149,287 | 214,198 |
| Provision For CSR | 98,643 | 74,643 | 107,099 |
| Provision for Tax | 2,699,278 | 2,578,418 | 3,026,614 |
| **Net Profit after Tax** | **8,846,963** | **4,591,117** | **7,361,965** |
| **Balance transferred to Balance Sheet** | **8,846,963** | **4,591,117** | **7,361,965** |

Note: 1) The above figures are subject to change as per direction of the regulatory/ External Auditors.
2) The figures for previous quarter have been restated , regrouped whereever necessary which might vary from previous quarter published figure.

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम १ सँग सम्बन्धित**

**अनुसूची-१४**

**आ.व. २०८०/०८१ दोश्रो (पौष मसान्त) त्रैमासिक अवधिको विवरण**

**१. वित्तीय विवरण:**

(क) आ.व. २०८०/०८१ को दोश्रो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ।

(ख) न्यूनतम रुपमा प्रमुख वित्तीय विवरणहरू:

| | |
|---|---|
| प्रति शेयर आम्दानी रु. १.२६ (वार्षिकीकरण) | प्रति शेयर नेटवर्थ रु. १०१.८० |
| प्रति शेयर कुल सम्पत्तिको मुल्य रु. १२१.७५ | मुल्य आम्दानी अनुपात (PE Ratio): – १४०.३२ |

**२. व्यस्थापकीय विष्लेशण:**

कम्पनीको नाफा र नगद प्रवाहमा असर पर्ने खालको घटनाहरू:

**क. तल्लो इन्द्रावति जलविद्युत आयोजना**

यस कम्पनीले टेन्डर मार्फत प्राप्त गरेको तल्लो इन्द्रावती जलविद्युत आयोजनाको (४.५ मेगावाट) प्राविधिक, आर्थिक, तथा वातावरणीय अध्ययन समाप्त भइसकेको छ। उक्त आयोजनाको विद्युत खरिद बिक्री सम्झौता (Power Purchase Agreement) सम्पन्न भई निर्माण अनुमति पत्र समेत प्राप्त भएको छ। यो आयोजनको भत्किएका सुरुङ्ग तथा अन्य संरचनाहरूको पुन: निर्माण कार्य सम्पन्न भएको छ। आयोजना निर्माणको लागि सिभिल काम तथा विद्युतीय उपकरण खरिदको लागि टेन्डर प्रकृया सम्पन्न भएको छ। आयोजना निर्माणकोलागि आवश्यक वित्तीय व्यवस्थापनको लागि ज्योति विकास बैंक लि.सँग सम्झौता सम्पन्न भएको छ।

**ख. साधारण शेयर बापत भुक्तानी प्राप्त नभएको (calls in arrears) रकमको व्यवस्थापन गर्ने**

कम्पनीको शेयर सूचीकृत गर्दाको बखत देखिकै कम्पनीको हिसाब तथा शेयर रजिष्ट्रार (RTS) को अभिलेखको विश्लेषण गर्दा कम्पनीको रु. १००/- प्रति कित्ताको २२,४७० कित्ता साधारण शेयर बापत जम्मा रु. ७,२५,०००/- को आंशिक भुक्तानी मात्र प्राप्त भएको देखिएकोले कम्पनीको हिसाबमा रु. १५,२२,००० भुक्तानी प्राप्त नभएको (calls in arrears) देखिँदै आएकोले सोको व्यवस्थापन सम्बन्धी दस्तावेज नेपाल धितोपत्र बोर्डमा अनुमतिको लागि पेश भएको छ।

**ग. अन्य आयोजनामा लगानी**

१. लोअर इर्खुवा हाइड्रो पावर कम्पनी लि.: यस कम्पनीको अधिकतम लगानी (४५ प्रतिशत) रहेको लोअर इर्खुवा हाइड्रो पावर कम्पनी लि.को तल्लो इर्खुवा जलविद्युत आयोजना, १४.१५ मेगावाट, (भोजपुर) मा सुरुङ्ग उत्खनन्को काम सम्पन्न भई सकेको छ। त्यसैगरी अन्य सिभिल संरचना निर्माणको काम सुचारु छ। विद्युतीय मेशिन तथा उपकरणहरू तथा हाइड्रो मेकानिकल उपकरणको ठेक्का सम्झौता सम्पन्न भई इलेक्ट्रोमेकानिकल सामाग्रीको कारखानामा Factory Acceptance Test समेत सम्पन्न भई, सामान आयोजनास्थल पुग्ने क्रममा छ। कुल कामको करिब ८० प्रतिशत सम्पन्न भई सकेको छ। यस आयोजनाको वित्तीय व्यवस्थापनको लागि मिति २०७७/१०/२१ मा माछापुच्छ्रे बैंक लि.को अगुवाईमा नेपाल एस.बि.आई. बैंक लि. र ज्योति बिकास बैंक लि.सँग ऋण सम्झौता गरिएको र सो सम्झौता अनुसार ऋण प्रवाह समेत भइरहेको छ। यस आयोजनाकोलागि आवश्यक सम्पूर्ण लगानी जुटाइ सकिएको छ। यस आयोजनाबाट यसै वर्ष विद्युत उत्पादन गर्ने योजना छ।

२. उज्यालो इनर्जि सोल्युसन प्रा.लि.: यस कम्पनीले उज्यालो इनर्जि सोल्युसन प्रा.लि.मा ७५ प्रतिशत शेयर धारण गर्ने सम्बन्धमा सो कम्पनीसँग मिति २१ अक्टोबर २०२२ मा सम्झौता सम्पन्न गरी सो कम्पनीले प्रवर्द्धन गर्दै आएको ३६ मेगावाटको लिखु जलविद्युत आयोजानको अध्ययनमा यस कम्पनीले अगुवाइ गरिरहेको अवस्था छ।

३. ह्याप्पि इनर्जी प्रा.लि.: यस कम्पनीले ह्याप्पि इनर्जी प्रा.लि.मा शेयर धारण गर्ने सम्बन्धमा सो कम्पनीसँग सम्झौता सम्पन्न गरी आयोजनको विकास गरिँदैछ।

४. पर्फेक्ट इनर्जि डेभलप्मेन्ट प्रा.लि.: यस कम्पनीले पर्फेक्ट इनर्जि डेभलप्मेन्ट प्रा.लि.मा २० प्रतिशत शेयर धारण गर्ने सम्बन्धमा सो कम्पनीसँग सम्झौता सम्पन्न गरी सो कम्पनीले प्रवर्द्धन गर्दै आएको १५.६२५ मेगावाटको मध्य त्रिशुली गंगा जलविद्युत आयोजना निर्माणमा रहेको अवस्था छ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण:**

(क) यस कम्पनीले काठमाण्डौ जिल्ला अदालतमा दायर गरेको मुद्दा विचाराधिन अवस्थामा रहेको छ।

**४. कम्पनीको शेयर कारोबार सम्बन्धी विवरण:**

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य | रु. १७७.४० | कुल कारोबार दिन | ४९ |
| न्यूनतम मूल्य | रु. १२६.०० | कुल कारोबार संख्या | २४,७६४ |
| समीक्षा अवधिको अन्तिम मूल्य | रु. १६५.६० | कूल कारोबार शेयर संख्या | ६७,४४,३८३ |

**५. समस्या, चुनौतिहरू तथा रणनीतिहरू:**

क. पूँजी संकलनको सम्बन्धमा: माथि उल्लेखित नयाँ आयोजनाहरूमा लागनी गर्नको लागि आवश्यक पूँजी जुटाउन कम्पनीले विभिन्न विकल्पहरूको अध्ययन गरिरहेको छ।

ख. अन्य आयोजना वा व्यवसायका सम्बन्धमा: यस कम्पनीले अन्य उपयुक्त नयाँ जलविद्युत आयोजना वा विद्युतसँग सम्बन्धित व्यवसाय साझेदारीमा विकास गर्न विभिन्न इजाजतपत्र प्राप्त व्यक्ति तथा संस्थाहरूसँग वार्ता गरिरहेको छ।

ग. यस कम्पनीको २७औं वार्षिक साधारणसभा गर्नका लागि दुई पटक प्रयास गर्दा दोश्रो पटकमा समेत २५ प्रतिशतको गणपुरक संख्या नपुगेका कारणले गर्दा मिति २०८०/९/६ का लागि तोकिएको साधारणसभा समेत स्थगित भयो। उक्त विषयमा कानूनी परामर्श लिई, स्थगित भएको वार्षिक साधारणसभा यथासक्य चाँडो सम्पन्न गर्नको लागि आवश्यक निर्देशन उपलब्ध गराई पाउन नियामक निकाय कम्पनी रजिष्टर्डको कार्यालयमा निवेदन समेत पेश गरिएको छ।

**६. संस्थागत सुशासन:**

यस कम्पनीले संस्थागत सुशासनलाई सदैब उच्च प्राथमिकतामा राख्दै आएको र सुशासन सम्बन्धी निर्देशन तथा परिपत्रहरूको पूर्ण रुपमा पालना गरिएको छ, साथै यसलाई अझ सुदृढ बनाउँदै लैजान यस कम्पनीको सञ्चालक समिति र व्यवस्थापन प्रतिवद्ध रहेको छ।

**७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणा:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा पूर्ण उतरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचीत गर्न आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।